गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# कृषि विकास कार्यालय
म्याग्दी

इमेल: akcmyagdi@gmail.com
फोन नं: ०६९-५२०१३०
वेभसाइट: myagdi.akc.gov.np

## आवेदन पेश गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१६)

कृषि विकास कार्यालय, म्याग्दीको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न कार्यक्रम संचालन गर्न ईच्छुक म्याग्दी जिल्ला भित्रका कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८३ असोज १४ गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत बढीमा | कार्यक्रम को लक्ष्य | बजेट (रु.लाख) | आवेदकले पालना गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | फलफूल बगैंचा सुदृढीकरण तथा क्षेत्र विस्तार कार्यक्रम | ५०-९० | ३ पटक | ४२ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूलबाली विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| २ | फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण | ५० | १ पटक | ५ | कृषि फर्म, कृषि कम्पनी, कृषक समुह, तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (फलफूल तथा नगदेबाली बिरुवा नर्सरी/स्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८३) |
| ३ | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | ५० | १ पटक | २४ | कृषि फर्म/कम्पनी मार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफलमा वा संरक्षित संरचनाभित्र १४० वर्ग मि. क्षेत्रफल र कृषि समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १००० वर्ग मि. क्षेत्रफलमा खेति गर्नुपर्नेछ। (व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ४ | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | ५०-९० | १० हे. | ११ | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। (खाद्यान्नबाली प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ५ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ५०-७५ | २ हे. | ३ | खाद्यान्नबाली, तरकारी बाली, आलु, तेलहन, र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। (बीउ उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ६ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ५०-९० | ३ संख्या | १५ | कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा १५ रोपनी साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा रैथाने बाली (कोदो, जौ, फापर, उवा, कागुनो, जुनेलो, चिनो, लट्टे, सिमी) खेती गर्नुपर्नेछ।(रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ७ | कृषि उद्यम विकास कार्यक्रम | ५० | १ पटक | ५ | कृषि उपजको ग्रेडिङ, लेवलिङ, प्याकेजिङ तथा प्रशोधन सम्बन्धि कार्यको लागी कृषि फर्म, कृषि कम्पनी, कृषक समुह, तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

सञ्जीव बाँस्तोला
वरिष्ठ कृषि विकास अधिकृत

इमेल: akcmyagdi@gmail.com
फोन नं: ०६९-५२०१३०
वेभसाइट: myagdi.akc.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ पटक | १५ | निर्यातजन्य कृषि वस्तु जस्तै कफी, अलैंची, चिया, अदुवा, बेसार, अकबरे खुर्सानी आदि उत्पादन तथा बजारीकरणका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समुह, तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन् । (निर्यातजन्य कृषि वस्तु प्रवर्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ९ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | ५०-९० | १ संख्या | ५ | ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटेल, सामुदायिक पाहुना घर रहेका वडाका कृषि फर्म, समुह, तथा सहकारी मार्फत आवेदन दिन सक्नेछन् । (जलवायुमैत्री प्रविधि प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १० | प्राङ्गारिक मल वितरण | ५०-७५ | १ पटक | १० | न्यूनतम २ रोपनी क्षेत्रफलमा तरकारी/फलफूल खेती गरेको हुनुपर्ने । (अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८) |
| ११ | समुदायस्तरमा प्रशोधनयोग्य/ खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३० हे. | ३३ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा १ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ ।(आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १२ | लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | ५०-९० | १ पटक | २० | कालीगण्डकी कोरिडोरसँग जोडिएका स्थानिय तह (अन्नपुर्ण गा.पा., रघुगंगा गा.पा र बेनी न.पा.) का कृषि फर्म, कृषि कम्पनी, कृषक समुह, तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन् ।<br>लोकमार्ग/ कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| १२ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | ५०-८५ | | १५ | खुल्ला जमीनमा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम गर्न फर्म भए ५ रोपनी जमिन र सहकारी वा समुह मार्फत कम्तिमा ६० रोपनी जमिनमा प्राविधिक स्पेसिफिकेशन अनुसार खेती गर्नुपर्नेछ। अन्य व्यवस्था प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसार हुनेछ । |

**आवश्यक कागजातहरू**

१) कार्यक्रममा सहभागिताका लागि स्पष्ट रुपमा भरिएको प्रस्ताव फारम (सम्बन्धित कार्यक्रमको मापदण्ड र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढांचा कृषि विकास कार्यालय, म्याग्दीको वेभसाइट **myagdi.akc.gov.np** बाट डाउनलोड गरी प्रस्तावना फारम भर्न सक्नुहुनेछ ।)

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै जग्गाधनी लालपुर्जाको प्रतिलिपि र जग्गा करार लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा करार सम्झौताको प्रतिलिपि ।

३) कृषि फर्म/कृषक समुह/कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र (नविकरण नभएको भए नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट, पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र र बैठक निर्णयको प्रतिलिपि ।

४) वडा कार्यलय/सम्बन्धित स्थानिय तहको कृषि शाखाको सिफारिस पत्र

५) अघिल्लो दुई आ.व मा यस कार्यालयबाट या कुनै सरकारी कार्यालयबाट एउटै प्रकृतिको अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।

***पुनश्च : गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०८१ र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/ संसोधित मापदण्ड अनुसार माथि उल्लिखित कार्यक्रमहरु लागत साझेदारीमा संचालन हुनेछ साथै उल्लिखित मितिभित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अघि बढ्ने छैन***

## साथै थप जानकारीको लागि:

फोन नं: ०६९-५२०६३०, वा ९८५७६२२१४४ (प्रमुख), ९८५७६२१६३० (सूचना अधिकारी)
९८४७७५२६४९ (गुनासो सुन्ने अधिकारी)

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
म्याग्दी

सञ्जीव बाँस्तोला
वरिष्ठ कृषि विकास अधिकृत